नेपाली राजदूतावास
कुवेत
**Embassy of Nepal**
**State of Kuwait**

سـفـــارة نيـبـــال
دولة الكويت

<u>प्रेस विज्ञप्ति</u>

कुवेतमा कार्यरत नेपालीहरूलाई श्रमका विविध पक्षहरू एवं महत्त्वपूर्ण कानूनी व्यवस्थाहरूका विषयमा जानकारी प्रदान गर्ने उद्देश्यले मिति २९ जनवरी २०२६ मा कुवेतस्थित कोष्टाडेल सोल होटलको सभाहलमा श्रम सम्बन्धी एक अन्तरक्रियात्मक कार्यक्रम आयोजना गरियो।

कुवेतका लागि नेपाली राजदूत महामहिम श्री घनश्याम लम्सालज्यूले सही सूचना प्रवाह गरी कुवेतमा रहेका नेपाली नागरिकहरूलाई जानकार र सचेत बनाउन अत्यावश्यक रहको बताउनुभयो। सो सन्दर्भमा यहाँ रहेका विभिन्न संघसंस्थाहरूको भूमिका महत्त्वपूर्ण रहको बताउँदै सामूहिक हितको लागि सम्पूर्ण नेपालीहरू एक भएर अगाडि बढ्नुपर्ने र यसका लागि दूतावास नेतृत्वदायी र समन्वयकारी भूमिका खेल्न तत्पर रहेको कुरा व्यक्त गर्नुभयो। कुवेतमा कार्यरत नेपाली श्रमिकहरूको हित र सुरक्षालाई प्राथमिकतामा राख्दै सरल, शीघ्र एवं प्रभावकारी ढङ्गबाट दूतावासले सेवा प्रवाह गर्दै आएको पनि बताउनुभयो। सो अवसरमा महामहिमज्यूले नेपाली श्रमिकका प्रतिनिधिहरू एवं श्रमिकहरूसँग बृहत्तर छलफल गरि छलफलका क्रममा प्राप्त गुनासो तथा सुझावहरू दूतावासले यथाशक्यरूपमा सम्बोधन एवं कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

सो अवसरमा उपस्थित सहभागीहरूसँग राजदूतावासको सेवा प्रवाह, त्यसमा देखिएका चुनौतीहरू, तिनका समाधानका उपायहरू तथा कुवेतमा उपलब्ध रोजगारीका अवसरलगायत विविध विषयमा विस्तृत छलफल गरिएको थियो। कुवेतमा कार्यरत नेपाली श्रमिकहरूको पेशागत हकहितको संरक्षण गर्दै वैदेशिक रोजगारीलाई थप सुरक्षित, मर्यादित, भरपर्दो र गुणस्तरीय बनाउन राजदूतावासले चालेका कदमहरू तथा आगामी दिनमा अवलम्बन गर्नुपर्ने रणनीति तथा कार्यदिशाको विषयमा समेत छलफल भयो।

अन्तर्क्रिया कार्यक्रममा उपनियोग प्रमुख तथा काउन्सेलर श्री सुजनी रानाले कुवेतमा राजदूतावासले प्रदान गर्ने राहदानी सेवा, प्रमाणीकरण सेवा, यात्रा अनुमति पत्र, श्रमिकहरुले गर्न हुने र नहुने कुराहरु, विप्रेषण साक्षरता, सामाजिक सञ्जालको संयमित प्रयोग लगायत श्रमिकहरुका लागि उपयोगी अन्य जानकारीहरुका सम्बन्धमा प्रस्तुतीकरण गर्नु भएको थियो। यसै गरी श्रम सहचारी श्री जनार्दन गौतमले सामाजिक सुरक्षा कोषमा श्रमिकको आबद्धता, टेलिमेडिसिन सेवा, वैदेशिक रोजगार बोर्डबाट श्रमिकहरुलाई प्रदान गरिने सुविधाहरू लगायत श्रमका विविध विषय समेटिएको प्रस्तुतीकरण गर्नु भएको थियो।

गैर आवासीय नेपाली संघ कुवेतका प्रतिनिधिहरु, विभिन्न नेपाली संघसंस्थाका प्रतिनिधिहरू, स्थानीय पत्रकारहरू एवं राजनीतिक दलका भातृसंगठनका प्रतिनिधिहरु लगायत १०० जना भन्दा बढीको उपस्थिति रहेको कार्यक्रम सौहार्दपूर्णरूपमा सम्पन्न भयो।

२०८२ माघ १६ गते (२०२६ जनवरी ३०)
नेपाली राजदूतावास, कुवेत